# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल माघ २४ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | ललितपुर म.न.पा. वडा नं.२३ हात्तिवन स्थायी ठेगाना भएका श्री होमनाथ चालिसेलाई प्रदेश नीति तथा योजना आयोगको उपाध्यक्ष पदमा नियुक्त गर्ने। |
| २. | प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (पाँचौं संशोधन) आदेश, २०७९ स्वीकृत गर्ने। |
| ३. | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर स्वीकृत गर्ने। |
| ४. | प्रदेशका प्रत्येक जिल्लामा एकीकृत कार्यालय स्थापना र सञ्चालनका सम्बन्धमा अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने। |
| ५. | “जनयुद्ध दिवसको अवसरमा सम्वत् २०७९ साल फागुन १ गते सोमवारका दिन बागमती प्रदेशभर सार्वजनिक बिदा घोषणा गर्ने र सो सम्बन्धी सूचना राजपत्रमा प्रकाशन गर्ने"। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७९ साल माघ १७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | माननीय मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा भक्तपुर नगरपालिका-१० निवासी श्री देवी प्रसाद ढकाललाई नियुक्त गर्ने । |
| २. | For East University, South Korea मा 26th February, 2023 देखि 1st March, 2023 सम्म हुने कार्यक्रममा सहभागी हुन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका शाखा अधिकृत बैकुण्ठ आचार्यको नियमानुसार दैनिक भ्रमण भत्ता भुक्तानी गर्ने र सामाजिक विकास मन्त्रालय अन्तर्गतका प्रदेश सचिव श्री रामशरण सापकोटा, अधिकृत दशौं श्री रुद्रहरि भण्डारी, अधिकृत दशौं श्री गोपालप्रसाद कँडेल, अधिकृत आठौं श्री लोकबहादुर वाइबा, अधिकृत आठौं श्री रनमाया फ्याक र अधिकृत सातौं श्री हेमराज भट्टको नियमानुसार दैनिक भ्रमण भत्ता भुक्तानी हुने गरी मनोनयन स्वीकृति गर्ने । साथै भिसा तथा राहदानीका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

# बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७९ साल माघ १० गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर स्वीकृत गर्ने। |
| २. | प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर पश्चात् आवश्यक व्यवस्था सम्बन्धी निर्णय |
| ३. | हेटौंडा उपमहानगरपालिका वडा नं. १७ स्थित मकवानपुर बहुमुखी सहकारी संस्था लि. हटियाको नाउँमा दर्ता स्रेस्ता कायम देखिएको साबिक हटिया-४, कित्ता नं. १८३ को ज.वि. १२-१२-२ विगाहा जग्गा प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडाले प्रयोग गर्ने गरी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा दाखिल खारेज गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रक्रिया अगाडि बढाउने। |
| ४. | बागमती प्रदेशको प्रशासकीय भवनहरू निर्माणको लागि लक्ष्मीपुर चौर (साविक हटिया-२ को कित्ता नं. १९६ क्षेत्रफल (ज.वि.) ५४-११-१० डहरे जङ्गल विरह भएको सरकारी जग्गा मध्येको क्षेत्र) बीच भागमा रहेको खहरे देखि पूर्व हाल हेटौंडा उपमहानगरपालिका-१७ र खहरे पश्चिम हेटौंडा उपमहानगरपालिका १६ पर्ने जग्गा प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाउँमा दाखिल खारेज गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६, ४(ख) अनुसार वातावरणीय अध्ययन तथा भवन निर्माण प्रक्रिया सँगसँगै अगाडि बढाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रक्रिया अगाडि बढाउने। |
| ५. | बागमती प्रदेश सरकारको चालू खर्चमा कटौती वा खर्चमा गर्न सकिने सुधारको विषयमा अध्ययन गरी अल्पकालीन तथा दीर्घकालीन सुधारका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।